सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

सम्माननीय प्रधान न्यायाधीशज्यूको मिति २०७७।०४।३० को निर्णयानुसार न्यायपालिकामा हुनसक्ने विकृति, विसंगति सम्बन्धमा भएका पूर्व अध्ययन प्रतिवेदनका सुझावहरूसमेतको अध्ययन गरी न्यायपालिकामा हुनसक्ने विकृति, विसंगति, अनियमितता वा भ्रष्टाचार एवं विचौलियाबाट हुनसक्ने क्रियाकलापहरू रोक्न कानूनी, संरचनागत लगायतका उपयुक्त एवम् प्रभावकारी उपायहरू पहिचान गर्ने र पहिचान गरिएका उपाय एवं सुझावहरूको कार्यान्वयनका लागि जिम्मेवारीसहितको कार्ययोजना प्रस्ताव गर्ने समेतको कार्यदिशसहित सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीज्यूको संयोजकत्वमा नेपाल वार एशोसियशन लगायतका सरोकारवाला निकायहरू समेतको प्रतिनिधित्व रहने गरी अध्ययन समिति गठन भई समितिले विस्तृत अध्ययन गरी तयार गरेको कार्ययोजनासहितको प्रतिवेदन मिति २०७८।०४।१४ गते सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू, समितिका पदाधिकारीसमेतको उपस्थितिमा समितिका संयोजक माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीज्यूबाट पेस भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ती जारी गरिएको छ।

मिति : २०७८।०४।१४।०५

बाबुराम दाहाल
प्रवक्ता